आज मिति २०७८ साल मंसिर २४ गते शुक्रबारका दिन विहान ११:०० बजे यस मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष श्री बिदुर हुँमागाईंज्यूको अध्यक्षतामा बसेको ६४ औं गाउँ कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा पेश भएका उल्लेखित प्रस्तावहरु उपर छलफल गरी तपसिल बमोजिम निर्णय गरियो ।

| सिं.नं. | उपस्थिती | कार्यपालिकामा पदाधिकार पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बिदुर हुँमागाईं, अध्यक्ष | अध्यक्ष | |
| २ | श्री हर्कमाया रुम्बा, उपाध्यक्ष | सदस्य | |
| ३ | श्री आइत सिं लो, १ नं. वडा अध्यक्ष | सदस्य | |
| ४ | श्री बखान सिं पाख्रिन, २ नं. वडा अध्यक्ष | सदस्य | |
| ५ | श्री भागवत घिमिरे, ३ नं. वडा अध्यक्ष | सदस्य | |
| ६ | श्री राम प्रसाद तिमल्सिना, ४ नं. वडा अध्यक्ष | सदस्य | |
| ७ | श्री जित बहादुर घिमिरे, ५ नं. वडा अध्यक्ष | सदस्य | |
| ८ | श्री टिका प्रसाद दाहाल, ६ नं. वडा अध्यक्ष | सदस्य | |
| ९ | श्री सुर्य बहादुर रुम्बा, ७ नं. वडा अध्यक्ष | सदस्य | |
| १० | श्री कुमार सिं घिसिङ, ८ नं. वडा अध्यक्ष | सदस्य | |
| ११ | श्री सुरेन्द्र सुनार, कार्यपालिका सदस्य | सदस्य | |
| १२ | श्री मन्जु योन्जन, कार्यपालिका सदस्य | सदस्य | मन्जु |
| १३ | श्री चिनिमाया लुङ्वा, कार्यपालिका सदस्य | सदस्य | चिनी |
| १४ | श्री बुद्धिमाया वोम्जन, कार्यपालिका सदस्य, | सदस्य | |
| १५ | श्री पातलीमाया गोले, कार्यपालिका सदस्य | सदस्य | |
| १६ | श्री निर्मला विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य | निर्मला |
| १७ | श्री रामकुमार पुडासैनी, प्रमुख प्रशासकिय अधिकृत | सदस्य-सचिव | |
| १८ | प्रतिमान रुम्बा, वडा नं. ६, [illegible] | आमन्त्रित | |

Scanned with CamScanner

**६४ औं गाउँ कार्यपालिकाको बैठकका प्रस्तावहरु** **मितिः २०७८ मंसिर २४ गते बिहिबार**

१. अघिल्लो कार्यपालिका बैठक तथा योजना समिक्षा सम्बन्धमा ।
२. बालमैत्री कार्यक्रम प्रभावकारी कार्यान्वयन सम्बन्धमा ।
३. विद्यालय अनुगमन प्रतिवेदन सम्बन्धमा ।
४. हाट बजार सञ्चालन तथा व्यवस्थापन कार्यविधि स्विकृती सम्बन्धी
५. स्थानीय तहको योजना प्रक्रियामा युवा सहभागिता सम्बन्धी कार्यविधि, २०७८ स्विकृती सम्बन्धी ।
६. कार्यान्वयन भई फछ्यौट भएका योजना अनुमोदन सम्बन्धमा ।
७. शिवम् सिमेन्ट तथा अन्य उद्योगसँगको साझेदारी परियोजना सम्बन्धमा ।
८. आर्थिक सहायता सम्बन्धमा ।
९. निर्माणाधिन अस्पतालमा जनशक्ति र उपकरण व्यवस्थापन सम्बन्धमा ।
१०. किसान सुचीकरण सम्बन्धमा ।
११. बोल्डरको राजश्व संकलन सम्बन्धमा ।
१२. साझेदारीमा कार्यक्रम सञ्चालन सम्बन्धी
१३. वडा नं. २ मा अस्थायी प्रहरी चौकीको माग सम्बन्धमा ।
१४. विविध ।

**१. अघिल्लो कार्यपालिका बैठक तथा योजना समिक्षा सम्बन्धमा ।**

यस गाउँपालिकाको ६३ औं गाउँ कार्यपालिकामा भएका निर्णयहरुको कार्यान्वयनका सन्दर्भमा आवश्यक छलफल तथा समिक्षा गरियो । गाउँसभाबाट पारीत भएका वडास्तरीय तथा गाउँपालिकास्तरीय योजनाहरुको सन्दर्भमा हालसम्म पनि अधिकाशं योजनाहरुको उपभोक्ता समिति गठन भई सम्झौता प्रक्रियामा आइ नसकेकोले यथाशिघ्र योजना सम्झौता र कार्यान्वयन प्रक्रियालाई अगाडी बढाउन वडाहरुमा निर्देशन गर्ने निर्णय गरियो ।

**२. बालमैत्री कार्यक्रम प्रभावकारी कार्यान्वयन सम्बन्धमा ।**

बालमैत्री स्थानीय शासन, मकवानपुरगढी गाउँपालिकाको मूख्य अभियान भन्ने मूल नाराका साथ नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ तथा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ को अधिनमा रही *चालु आर्थिक वर्षमा मकवानपुरगढी गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गर्न* विभिन्न कार्यक्रमहरु अभियानमुलक ढंगबाट सञ्चालन भइरेहेको सन्दर्भमा बालमैत्री कार्यक्रमको प्रभावकारी कार्यान्वयनका सम्बन्धमा तपसिल बमोजिमका क्रियाकलापहरु गर्ने निर्णय गरियो ।

- यहि २६ गते देखि वडा अध्यक्षहरुले आफ्ना वडाभित्र बालमैत्री आचारसंहिताको ब्रोसर सहित प्रत्येक घरघरमा एक मिनेट भेटघाट कार्यक्रम राखि बालमैत्री अभियानको प्रचारप्रसार गर्ने,
- विद्यालयको संरचनागत सुधारका लागि आवश्यक कार्यान्वयन गर्ने गराउने,
- बालमैत्री अभियान सम्बन्धि जनप्रतिनिधिको आवाज रेडियोमार्फत जनताहरुलाई जानकारी गराउने ।

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुरगढी, मकवानपुर
बागमती प्रदेश, नेपाल

विदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner

विदुर हुमागाईं
अध्यक्ष

- बाल उद्धार कोषमा ४ लाख ५० हजार विनियोजन गर्ने,
- वडास्तरीय तथा पालिकास्तरीय बालसञ्जालको क्षमता अभिवृद्धीको तालिम सञ्चालन गर्ने,
- सबैभन्दा चुनौतीको रुपमा रहेको बालविवाह र बालश्रमको निराकरणका लागि सबै वडाबाट पहलकदमी गर्ने,
- पालिका, वडा, स्वास्थ्य चौकी, विद्यालयहरु तथा सार्वजनिकस्थलको पाएक पर्ने भित्ताहरुमा बालमैत्री नारा लेखन यथाशिघ्र गर्ने,
- बालमैत्री अभियानका लागि आवश्यक पर्ने भेष्ट, क्याप खरिद गरि अभियान तथा र्यालीहरुमा सरीक भई बालमैत्री कार्यक्रमहरु सञ्चालन गर्ने,

## ३. विद्यालय अनुगमन प्रतिवेदन सम्बन्धमा ।

विद्यालयहरुमा भईरहेका बालमैत्री क्रियाकलापहरुको वास्तविक अवस्था पहिचान गर्न, विद्यालयको संरचनागत सुधारका लागि विद्यालयले गर्नुपर्ने क्रियाकलापको सुझाव दिन तथा विद्यालयको पूर्वाधारमा सुधार गर्नका लागि सबै विद्यालयको अनुगमनबाट तपसिल बमोजिम विद्यालयहरुमा संरचनात्मक सुधार गर्नुपर्ने देखिएकोले विद्यालयको आवश्यकतालाई मध्यनजर गरी आगामी योजनाहरुमा उक्त सुधारका योजनाहरु समावेश गर्दै जाने र तत्काल गर्नुपर्ने संरचनात्मक सुधारका सम्बन्धमा लागत अनुमान तयार गरी कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

| सि.नं. | विद्यालयको नाम | वडा नं. | कार्यान्वयन गर्नुपर्ने संरचनात्मक सुधार | कैफियत |
|---|---|---|---|---|
| १ | मनकामना मा.वि. | ४ | बालमैत्री धारा र खेलमैदान निर्माण गर्नुपर्ने, | |
| २ | श्री रत्नदेवी प्रा.वि | १ | बालकक्षामा भुँइखाटको व्यवस्थापन | |
| ३ | श्री ज्वालादेवि आ.वि. | ४ | बालमैत्री शौचालय बनाउनुपर्ने | |
| ४ | श्री जालपादेवि मा.वि. | ६ | बालमैत्री धारा आवश्यक | |
| ५ | श्री प्रतिभा प्रा.वि. | ४ | शौचालय नै नभएको | |
| ६ | श्री रानिसेरा मा.वि. | १ | खेलमैदान आवश्यक | |
| ७ | श्री सुभलाभ प्रावि | १ | मेशिनरी वाल आवश्यक | |
| ८ | श्री मन्जुश्री प्रावि | ५ | छात्रछात्राका लागि अलगअलग शौचालय आवश्यक | |
| ९ | श्री बागेश्वरी प्रा.वि. | | घेराबारा र भुईँखाटको आवश्यक | |
| १० | श्री इश्वरी प्रा.वि. | ६ | घेराबारा आवश्यक | |
| ११ | श्री वुद्धधर्म आ.वि. | ७ | खानेपानी व्यवस्थापन | |
| १२ | श्री जिम्मर प्रा.वि. | ७ | घेराबारा र भुइँखाट | |
| १३ | श्री कालीदेवि प्रावि | ६ | घेराबारा र विद्यालय प्रवेशद्वार | |
| १४ | श्री सरस्वती आवि | ३ | भुईखाट आवश्यक | |
| १५ | श्री आँपटार प्रावि | १ | अलगअलग शौचालय | |
| १६ | श्री गिताधर्म आवि | ७ | भुँईखाट आवश्यक | |
| १७ | श्री लेकडाँडा प्रावि | २ | विद्यालय प्रवेशद्वार र भुइँखाट | |

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुर
बागमती प्रदेश, नेपाल

विदुर हुमागाईं
अध्यक्ष

Scanned with CamScanner

विदुर हुमागाई
अध्यक्ष

| सि.नं. | विद्यालयको नाम | वडा नं. | कार्यान्वयन गर्नुपर्ने संरचनात्मक सुधार | कैफियत |
|---|---|---|---|---|
| १८ | श्रीगौरीशंकर महादेव प्रावि | ७ | विद्यालय घेराबारा | |
| १९ | श्री जनजागृती प्रावि | ७ | विद्यालय घेराबारा शौचालय | |
| २० | श्री बागेश्वरी प्रावि | ८ | बालमैत्री धारा र भुँइखाट | |
| २१ | श्री ऋषेश्वर प्रावि | ८ | भुँइखाट र बालमैत्री धारा व्यवस्थापन | |
| २२ | श्री सरस्वती प्रावि | ५ | घेराबारा आवश्यक | |
| २३ | श्री उज्जल प्रावि | ५ | भुँइखाट आवश्यक | |
| २४ | श्री हेमकर्ण आवि | २ | खानेपानी व्यवस्थापन | |
| २५ | श्री आधारभूत शिक्षा प्रावि | ५ | घेराबारा र खानेपानी | |
| २६ | श्री बालज्योती प्रावि | ६ | घेराबारा | |

**४. हाट बजार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ स्विकृती सम्बन्धी**

कृषकहरुलाई स्थानीय उत्पादन वृद्धिमा हौसला प्रदान गरी उत्पादीत कृषि उपजहरुको सरल तरिकाले विक्रि वितरणको व्यवस्था मिलाउन, कृषकबाट उत्पादीत कृषि उपजहरु स्थानीय बजारमा सोझै विक्रि गर्ने व्यवस्था मिलाई बिचौलीया प्रणालीको अन्त्य गर्न तथा कृषि उपजको बजारीकरण गरी बजारको पँहुच विस्तार गर्न तथा ग्रामिण कृषकहरुको आयस्तरमा वृद्धि गर्नका लागि **मकवानपुरगढी गाउँपालिकाको हाटबजार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८** स्विकृत गरी आवश्यक कार्यान्वयन गर्ने निर्णय गरियो ।

**५. स्थानीय तहको योजना प्रक्रियामा युवा सहभागिता सम्बन्धी कार्यविधि, २०७८ स्विकृती सम्बन्धी ।**

युवाहरुलाई गाउँपालिकाबाट हुने योजनाहरुको सञ्चालन व्यवस्थापन, कार्यान्वयन, अनुगमन तथा सुपरीवेक्षेण प्रक्रियामा सहभागी गराई योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन **मकवानपुरगढी गाउँपालिकाको योजना प्रक्रियामा युवा सहभागिता सम्बन्धी कार्यविधि, २०७८** स्विकृत गर्ने निर्णय गरियो ।

**६. योजना अनुमोदन सम्बन्धमा ।**

यस गाउँपालिकाको चालु आर्थिक वर्षमा अध्यक्षज्यूको तोक आदेशबाट कार्यान्वयन भएका तपसिल बमोजिमका योजनाहरु अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र स | योजनाको नाम | स्विकृत रकम | शिर्षक |
|---|---|---|---|
| १ | मान कुमारि पाख्रिन | १ लाख | द्धन्द पिडित अनुदान कार्यक्रम |
| २ | सहिद रुद्र वाटिका पार्क वृक्षारोपण | ५० हजार | जलाधार संरक्षण तथा वृक्षारोपण |
| ३ | वडा ४ वाटो सरसफाइ | १ लाख | कन्टिजेन्सि |
| ४ | व्यवसायिक योजना निर्माण महिला | १ लाख | सहकारि तालिम |

मकवानपुरगढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
भीमफेदी, मकवानपुर
बागमती प्रदेश, नेपाल

विदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner

विदुर हुमागाई
अध्यक्ष

| क्र स | योजनाको नाम | स्विकृत रकम | शिर्षक |
|---|---|---|---|
| | आवाज सहकारि संस्था | | |
| ५ | जागरण मिडिया लाघुऔषधि दुर्वेशन | १ लाख | लागु औषधि दुर्वेशन |
| ६ | पालिका स्तरिय रनिङ शिल्ड भलिवल सनराइज युवा क्लव | २ लाख | गाउपालिका स्तरिय खेलकुद |
| ७ | पालिका स्तरिय फुटसल कार्यक्रम गढि star स्पोर्स क्लव | ३ लाख | गाउपालिका स्तरिय खेलकुद कार्यक्रम |
| ८ | वडा १ कार्यालयमा शौचालय निर्माण | २ लाख ५० हजार | खानेपानि तथा सरसफाइ स्वच्छता कार्यक्रम |
| ९ | वडा ४ कार्यालयमा शौचालय निर्माण | १ लाख | खानेपानि तथा सरसफाइ स्वच्छता कार्यक्रम |
| १० | धरमचुलि खानेपानि योजना | ५५ हजार | खानेपानि तथा सरसफाइ स्वच्छता कार्यक्रम |
| ११ | टावरडाडा खानेपानि तथा सरसफाइ समिति | ८० हजार | खानेपानि तथा सरसफाइ स्वच्छता कार्यक्रम |
| १२ | धादिङ टोल विकास संस्था खैजडि वाध्यवाधन सामाग्रि खरिद | ५० हजार | टोल विकास संस्था प्रवद्धन कार्यक्रम |
| १३ | अमित कडेल घर निर्माण सहयोग | ५५ हजार | अध्यक्ष संग असाहय कार्यक्रम |
| १४ | सन्तोष पुडासैनी छात्रवृत्ती | २९४०० | अपाङ लक्षित कार्यक्रम |
| १५ | झल्ला वस्ति संरषण | १२०००० | विपद व्यवस्थापन कोष |
| १६ | इक्चुङ वुढिचौर सडक मर्मत | २ लाख ५० हजार | विपद व्यवस्थापन कोष |
| १७ | भालुखोला ग्याविन भर्ने | २ लाख ५० हजार | विपद व्यवस्थापन कोष |
| १८ | टेस्ट सामग्री खरिद, मगढी ६ | १ लाख | |

**७. शिवम् सिमेन्ट तथा अन्य उद्योगसँगको साझेदारी परियोजना सम्बन्धमा ।**

शिवम् सिमेन्ट प्रा.लि., हेटौंडाले सिमेन्ट उत्पादन गर्नका लागि यस गाउँपालिकाको विभिन्न खानीहरुवाट चुनढुंगा उत्खनन् गरिरहेको, विभिन्न क्रसर उद्योगहरुले पनि नदीजन्य पदार्थहरुको संकलन, विक्रि वितरण गरिरहेको सन्दर्भमा उक्त उद्योगहरुको सामाजिक उत्तरदायित्व अन्तरगत खानी प्रभावित क्षेत्रहरुमा विभिन्न योजना तथा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्नुपर्ने भएको हुँदा पालिकाको आर्थिक वर्ष २०७८/०७९ को स्विकृत कार्यक्रम तथा योजना अन्तरगत शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण तथा अन्य क्षेत्रमा उद्योगसँग समन्वय र सहकार्य गरी साझेदारीमा योजना तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिएकोले गाउँपालिकाले विनियोजन गरेको तपसिल बमोजिमका योजनाहरुमा उद्योग तथा क्रसर उद्योगहरुले योजना सञ्चालन तथा कार्यान्वयनमा संयुक्त रुपमा व्यहोर्नुपर्ने बजेट सहितको प्रस्तावना तयार गरी सम्वन्धित उद्योगहरुमा पठाउने निर्णय गरियो । साथै यस अगावै, बस्ति संरक्षण, खानी उत्खनन् प्रभावित क्षेत्र विकास कार्यक्रम तथा वडावाट माग भई

विदुर हुमागाई
अध्यक्ष

विदुर हुमागाई
अध्यक्ष

गरिने अन्य विकास निर्माणका कार्यक्रमहरुमा यस साझेदारी योजनाबाट कुनै असर नहुने गरी नियमित संचालन गर्न सकिने समेत सर्वसम्मतबाट निर्णय गरियो ।

तपसिल

| क्र स | योजनाको नाम | जम्मा बजेट | शिवम संग भाग गरिएको बजेट | पालिकाबाट व्यहोर्ने बजेट | कसर तथा अन्य क्षेत्र बाट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बाल मैत्री गाउपालिका घोषणा | ९० लाख | ७५ लाख | १५ लाख | | बाल बालिका |
| २ | बाल मैत्री संरचना निमाण विभिन्न विद्यालयमा | २० लाख | १५ लाख | ५ लाख | | बाल बालिका |
| ३ | प्रत्येक वडामा बाल उद्यान निमाण | १६ लाख | १२ लाख | ४ लाख | | बाल बालिका |
| ४ | विद्यालय खाजा कार्यक्रम पालिका भरिका सबै विद्यालय | ५० लाख | ३० लाख | १५ लाख | ५ लाख | शिक्षा |
| ५ | १५ शैयाको मकवानपुरगढी अस्पताल संचालन | ५० लाख | ३० लाख | १० लाख | १० लाख | स्वास्थ्य |
| ६ | ग्रामिण अल्ट्रासाउण्ड खरिद तथा उपयोग कार्यक्रम | १० लाख | ८ लाख | २ लाख | | स्वास्थ्य |
| ७ | जलवायु अनुकरणीय कार्यक्रम | ३५ लाख | २० लाख | ५ लाख | १० लाख | वातावरण |
| ८ | सुकौरा खोला बेलिबृज | १ करोड | ७५ लाख | २५ लाख | - | |
| जम्मा | | ३ करोड ७१ लाख | २ करोड ६५ लाख | ८१ लाख | २५ लाख | |

## ८. आर्थिक सहायता सम्बन्धमा ।

आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७४ बमोजिम यस गाउँपालिकामा स्वास्थ्य सम्बन्धी समस्या भएका निवेदक तथा विरामीहरुले दिएको निवेदन तथा खर्च भएको रकम अनुसार गाउँपालिका अध्यक्षज्यूबाट तोक आदेश भई अनुमोदन गर्नुपर्ने तथा आर्थिक सहायताका लागि पेश भएका सहयोगापेक्षी विपन्न तथा स्वास्थ्य समस्याबाट पिडित व्यक्तिहरुलाई आर्थिक सहायता शिर्षकबाट खर्च हुनेगरी तपसिल बमोजिम रकम आर्थिक सहयोग स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

विदुर हुमागाई
अध्यक्ष

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

विदुर हुमागाई
अध्यक्ष

तपसिल

| सि.नं | विरामी वा निवेदकको नाम र ठेगाना | स्वास्थ्य समस्या | आर्थिक सहायता रकम |
|---|---|---|---|
| १ | देव नारायण तिमल्सिना, म.गढी-५ | हेड इन्जुरी | ३० हजार |
| २ | नशिव थिङ, म.गढी ४ | दूर्घटना | २५ हजार |
| ३ | दिल बहादुर गौतम, म.गढी-६ | हात काट्नु परेको | २५ हजार |
| ४ | सुमित्रा तामाङ, म.गढी-२ | कलेजो संक्रमण | २० हजार |
| ५ | सावित्री न्यौपाने, म.गढी-२ | हड्डि फ्राक्चर | २० हजार |
| ६ | मेयर ब. पाखिन, म.गढी-४ | एपेन्डिक्स बिग्रिएको | २५ हजार |
| ७ | रण ब. वि.क. म.गढी-२ | क्यान्सर | २५ हजार |
| ८ | निकी राई, म.गढी-२ | निमोनिया पिडीत | २० हजार |
| ९ | पवित्रा कुमारी रेग्मी, म.गढी-३ | हड्डी अपरेशन | २० हजार |
| १० | विष्णु प्रसाद दाहाल, म.गढी-३ | हेड इन्जुरी | २५ हजार |
| ११ | सुनील थापा मगर, म.गढी-२ | दृष्टिविहिन | असहायसँग अध्यक्ष कार्यक्रम मार्फत ८० हजार सम्मको ल्यापटप दिने |

**९. निर्माणाधिन अस्पतालमा जनशक्ति र उपकरण व्यवस्थापन सम्बन्धमा।**

मकवानपुरगढी गाउँपालिकाको गौरवको आयोजना अन्तरगत करिब ६ करोड ५८ लाखमा वोलपत्र मार्फत निर्माणाधिन मकवानपुरगढी अस्पतालको निर्माण यहि चैत्र मसान्त सम्ममा सम्पन्न हुने बुझिन आएकोले उक्त अस्पताल सञ्चालन तथा व्यवस्थापन गर्नका लागि आवश्यक जनशक्ति तथा उपकरण व्यवस्थापन गर्नका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा सम्बन्धित निकायसँग आवश्यक समन्वय तथा अनुरोध गर्ने निर्णय गरियो।

**१०. किसान सुचीकरण सम्बन्धमा।**

अघिल्लो आर्थिक वर्षमा सफ्टवयरमा आधारीत किसान परिचयपत्र वितरण कार्यक्रममा ७०० जना किसानको विवरण प्रविष्टि भएकोमा उक्त प्रविष्टि भएका विवरण अनुसारको परिचयपत्र तयार भइसकेकोले उक्त परिचयपत्र वितरण गर्ने र थप किसानहरुलाई सुचिकरणमा समाविष्ट गराउन किसान सुचीकरण कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो। साथै उक्त सुचीकरण कार्यलाई निरन्तरता दिनका लागि वडाबाट सिफारीस भई आएका तपसिल बमोजिमका निवेदकहरुलाई सूचीकरण कार्यमा सहजकर्ताको रुपमा खटाउने निर्णय गरियो।

**किसान सूचीकरण कार्यक्रम**

**वडाबाट प्राप्त सहजकर्ताहरुको विवरण**

**आ.व.०७८/७९**

विदुर हुमागाई
अध्यक्ष

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुरगढी, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

विदुर कुनागाई
अध्यक्ष

| क्र.सं. | सहजकर्ताको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | मनमायालो | मकवानपुरगढी १, अन्नपानी | पुरानो |
| २ | चुडा कुमारी घिमिरे | मकवानपुरगढी १, पिङडाँडा | नयाँ |
| ३ | जनकबहादुर लुङ्वा | मकवानपुरगढी १, ढाप | नयाँ |
| ४ | स्वस्तिकाथिङ | मकवानपुरगढी २ | नयाँ |
| ५ | मोनिका घलान | मकवानपुरगढी २ | नयाँ |
| ६ | सीता घिमिरे | मकवानपुरगढी २ | पुरानो |
| ७ | रश्मिता घिमिरे | मकवानपुरगढी ३ | नयाँ |
| ८ | सविना सञ्जेल | मकवानपुरगढी ३ | नयाँ |
| ९ | अनुराग लामिछाने | मकवानपुरगढी ३ | नयाँ |
| १० | अनिललोप्चन | मकवानपुरगढी ४ | पुरानो |
| ११ | दुर्गा गोले | मकवानपुरगढी ४ | नयाँ |
| १२ | निसागोले | मकवानपुरगढी ४ | नयाँ |
| १३ | दिक्षितातिमल्सिना | मकवानपुरगढी ५ | पुरानो |
| १४ | गायत्री संजेल | मकवानपुरगढी ५ | नयाँ |
| १५ | आशिषतिमल्सिना | मकवानपुरगढी ५ | नयाँ |
| १६ | उषाअधिकारी | मकवानपुरगढी ६ | पुरानो |
| १७ | ईन्दिरा बजगाई | मकवानपुरगढी ६ | नयाँ |
| १८ | सन्तोष स्याङतान | मकवानपुरगढी ६ | नयाँ |
| १९ | सुधनकुमार लामा | मकवानपुरगढी ७ | पुरानो |
| २० | यमुना योञ्जन | मकवानपुरगढी ७ | नयाँ |
| २१ | राहितातितुङ | मकवानपुरगढी ७ | नयाँ |
| २२ | संगीता दोङ | मकवानपुरगढी ८ | नयाँ |
| २३ | पेमा दोर्जे लो | मकवानपुरगढी ८ | नयाँ |
| २४ | अन्जु कुमारी तितुङ | मकवानपुरगढी ८ | पुरानो |

**११. बोल्डरको राजश्व संकलन सम्बन्धमा ।**

मकवानपुरगढी गाउँपालिकाको वडा नं. ८, ७, ६, ३, ५ भएर बग्ने सामरी खोला तथा अन्य नदी किनार आसपास क्षेत्रका निजी तथा सार्वजनीक क्षेत्रमा पर्ने ढुंगा तथा बोल्डरहरुको चोरी निकासी नियन्त्रण गर्न तथा सार्वजनिक जग्गा अतिक्रमण कम गर्ने उद्धेश्यका साथ प्राविधिक खटाई मौज्दाद प्रमाणित गरी राजश्व उठाई हटाउने निर्णय गरियो ।

**१२. साझेदारीमा कार्यक्रम सञ्चालन सम्बन्धी**

विदुर कुनागाई
अध्यक्ष

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकान्चुली, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

विदुर हुमागाईं
अध्यक्ष

स्थानीय कच्चा पदार्थमा आधारीत साना उद्योग साझेदारी कार्यक्रम अन्तरगत स्थानीय फर्म, साझेदारी कम्पनी, सहकारी संघसंस्थाहरुसँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**१३. वडा नं. २ मा अस्थायी प्रहरी चौकीको माग सम्बन्धमा ।**
गाउँपालिको वडा नं. २ स्थित शिखरकटेरीमा शान्ति सुरक्षा व्यवस्थापन, ऐतिहासिक मकवानपुरगढीमा सुरक्षा प्रदान गर्न, आवादी बढ्दै गएकोले हुनसक्ने सामाजिक अपराध नियन्त्रण गर्न एक अस्थायी प्रहरी चौकी आवश्यक भएकोले सो चौकी व्यवस्थापन गर्नका लागि जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**१४. प्रवेश तथा पार्किङ शुल्क मिनाहा सम्बन्धमा ।**
यस मकवानपुरगढी गाउपालिकाको गाउ कार्यापालिकावाट आव ०७७/०७८ को लागी मकवानपुरगढी दरवार क्षेत्रमा प्रवेश गर्नेको लागी प्रवेश शुल्क तथा पार्किङ शुल्क को लागी गाउपालिकाले २०७७/७/२१ गते चौथो पटक प्रकाशित सुचना अनुसार वासपानि निर्माण सेवा मकवानपुरगढीले रु १३ लाख मा ठेक्का स्विकृत गरिएकोमा ठेक्काको शर्त नम्वर १५ वमोजिम गढी दरवार सरसफाइ गर्न ३ लाख सम्वन्धि फर्मलाइ अनुदान दिने भन्ने शर्त तथा शर्त नम्वर ६ वमोजिम ठेक्का कवोल अङ्क सवै एकमुष्ठ वुझाएमा १० प्रतिशत छुटको व्यवस्था अनुसार वासपानि निर्माण सेवासंग मकवानपुरगढी दरवार क्षेत्र प्रवेश तथा सवारि पार्किङ शुल्कको ठेक्का वन्दोवस्त सम्वन्धी सम्झौता ठेकदार संग २०७७/८/८ गते सम्झौता भइ २०७७/८/९ गते देखि ठेकदार कम्पनिले सो दरवार क्षेत्रमा शुल्क उठाउन शुरु गरेकोमा जिल्ला प्रशासन कार्यालय मकवानपुरको मिति २०७८/१/९ गतेको सुचना अनुसार २०७८/१/११ गतेदेखि जिल्ला भरिको पर्यटकिय क्षेत्र वन्द गर्ने गरि लकडाउन गरेको हुदा मकवानपुरगढी दरवार क्षेत्र पनि वन्द भइ ठेकदार कम्पनीले प्रवेश र पार्किङ सेवा शुल्क उठाउन नपाएकोले उक्त अविधिको शुल्क छुट पाउ भनि ठेकदार कम्पनिले यस कार्यालयमा निवेदन दिएकोमा यस कार्यालय र ठेकदार कम्पनि विच शुल्क उठाउने ठेक्का सम्झौताको १८ नम्वरमा ३० दिनभन्दा वढी समय फैलिएको कोरोना महामारिले यस जिल्लामा पनि प्रभाव पारि जिल्ला भरि लकडाउन भइ गढी दरवार क्षेत्र वन्द भएमा सो जम्मा वन्द समयमा ३० दिन घटाइ वाकि समयको शुल्क मिनाह दिने भनि लेखिएको हुदा ठेकदारले सम्झौता गरेको रकम ९ लाखमा ठेक्का रकम उठाउने दिन २३३ दिनले भाग गर्दा प्रत्यैक दिनको ३८६२ दिन हुनेमा जम्मा क्षतिपुर्ति पाउने वन्द दिन ५२ दिनको हुन आउने रकम रु २००८२४ रुपैया ठेकदारलाइ मिनाहा गर्ने निर्णय गरियो।

**१५. नदीजन्य पदार्थ योजना कार्यान्वयनमा प्रयोग गर्ने सम्बन्धमा ।**
मकवानपुरगढी गाउँपालिकाको मूख्य आन्तरीक आम्दानीको स्रोत अन्तरगत वडा नं. ८ देखि ५ नं. वडा हुँदै बग्ने सामरी खोला नै रहेको र विकासका पूर्वाधार तथा योजना कार्यान्वयन, स्तरीकरण, मर्मत संभार गर्ने सन्दर्भमा सोही सामरी खोलाकै नदीजन्य पदार्थ अधिकाशं रुपमा प्रयोग हुने गरेकोले योजनाहरुको कार्यान्वयन गर्ने अवस्थामा उक्त खोलाको नदीजन्य पदार्थको यथोचित मात्रामा उपयोग हुन सकेको खण्डमा पूर्वाधार विकास क्रियाकलापमा अवरोधजन्य अवस्था श्रृजना नहुने भएकाले वातावरणीय प्रभाव मुल्याकंन (IEE) भएको क्षेत्रबाट तोकिएको परिमाण उत्खनन्

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुर, मकवानपुर
बागमती प्रदेश, नेपाल

विदुर हुमागाईं
अध्यक्ष

Scanned with CamScanner

विदुर हुमागाई
अध्यक्ष

गर्ने अनुमति प्रदान गरी मौज्दाद प्रमाणितको आधारमा तोकिएको राजश्व दाखिला पश्चात् त्यस्ता योजनाका उपभोक्ता समिति, फर्म तथा ठेकेदारहरुलाई निश्चित परिमाणमा नदीजन्य पदार्थ उपलब्ध गराउने निर्णय सर्वसम्मतीमा गरियो ।

**१६. विविध**

विविध विषयवस्तुका सन्दर्भमा देहाय बमोजिमको निर्णय गरियो ।

- माइती नेपाल हेटौंडालाई रु. १ लाख आर्थिक सहयोग गर्ने ।
- टोल विकास संस्था अभिमुखिकरण तथा सशक्तिकरण गर्नको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।
- यहि मिति २०७८ कातिक २५ देखि मंसिर ९ गते सम्म भएको जनगणनाका सम्बन्धमा जनगणनामा खटिने कर्मचारीले पालिका तथा वडाहरुमा समन्वय उल्लेख्य मात्रामा नगरेको, जनगणनामा अपेक्षित तथ्याकं संकलन गर्न नसकेको र धेरै घरको तथ्याकं संकलन छुटेको कुरा वडा अध्यक्षहरुबाट जानकारी हुन आएकोले छुटपुट परिवारको तथ्याकं संकलन गर्न तथा जनगणना कार्यक्रमलाई प्रभावकारी बनाउन एपमा आधारीत गणना प्रणाली विकास गर्न सम्बन्धित निकायलाई सुझाव दिने ।
- सिन्धुपाल्चोक स्थायी घर भई आमा विषमाया भोम्जनकी छोरी कान्छीमाया भोम्जनले अपरिपक्व उमेरमै यस गाउँपालिका वडा नं. ६ निवासि वर्ष ४४ को जीत बहादुर थिङसँग बाल विवाह गरेको र निजको ७ महिनाको छोरी समेत भएको बुझिन आएको साथै विवाह भएको घरमा शारीरिक मानसिक यातनाको शिकार भई मानसिक स्थिती नै कमजोर भएको पाइएकोले यस पालिकाको समन्यवमा माइति नेपाल, काठमाडौंमा बालिकालाई संरक्षणको लागि राखिएकोमा निजको मानसिक स्वास्थ्यको उपचार गर्नका लागि कोशिश नेपाल, ललितपुरमा ६ महिना राखेर उपचार गर्नुपर्ने सिफारीस पालिकामा प्राप्त भएकोले निजको उपचारका लागि रु. ९० हजार कोशिश नेपाल ललितपुरमा आर्थिक सहयोग गर्ने ।
- गाउँपालिकास्तरमा महिला तथा युवा उद्यमी सृजना गर्न अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने ।
- आकस्मिक रुपमा विद्युत अभावको समस्या निराकरण गर्न विद्युत प्राधिकरणसँग समन्वय गरी कार्य गर्न २ जना विद्युत क्षेत्रका प्राविधिक नियमानुसार व्यवस्थापन गर्ने ।
- मकवानपुरगढी गाउँपालिकामा दैनिक ज्यालादारीमा ६ महिना वा सो भन्दा बढि अवधि कार्यरत कर्मचारीलाई कार्यालयको आवश्यकतालाई मध्यनजर गरी करार सेवा सम्झौता गरी राख्न सकिने व्यवस्था गर्ने, साथै यस अघि भएका यस्तो प्रकृतीको करार सम्झौतालाई अनुमोदन गर्ने,
- गाउँपालिकामा रहेको ब्याकहो लोडर सञ्चालन तथा व्यवस्थापन गर्न एक जना अपरेटर नियमानुसार दैनिक ज्यालादारीमा राख्ने ।
- लघुउद्यम कार्यक्रम अन्तरगत वडा नं. २, ३ र ४ का ७ जना सहभागी छनौट गरी केरा विविधिकरण कार्यक्रम सञ्चालन गर्ने,
- वडा नं. ५ मा ल्याण्डफिल्ड साइट निर्माणका लागि रु. ५ लाखको योजना सम्झौता गर्ने ।

विदुर हुमागाई
अध्यक्ष

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मनकामना, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner